निर्वाचन आयोग, नेपाल
स्थानीय तह सदस्य निर्वाचन, २०७९
# निर्वाचन अधिकृतको कार्यालय
नरैनापुर गाउँपालिका
नरैनापुर, बाँके

प.सं. :- २०७८/०७९

## सवारी साधनको अनुमति पत्र लिनको लागि सूचना !!!

**(सूचना प्रकाशित मिति :- २०७९/०१/१८)**

निर्वाचन आचारसंहिता कार्यान्वयन कार्यविधि, २०७९ को दफा १७ बमोजिम स्थानीय तह सदस्यको निर्वाचनको लागि उम्मेदवार वा उम्मेदवारको प्रतिनिधिले सवारी साधन प्रयोग गर्ने, अनुमतिपत्रका लागि निर्वाचन अधिकृत समक्ष अनुसूची – १ बमोजिमको ढाँचामा निवेदन दिन सकिनेछ।

उम्मेदवार वा उम्मेदवारको प्रतिनिधिले निवेदन दिएमा देहायको संख्यामा सवारी साधन सञ्चालन गर्ने अनुमति पत्र प्रदान गरिने छ ।

१. गाउँपालिकाका अध्यक्ष, उपाध्यक्षको लागि गाउँपालिका भित्र प्रयोग गर्न पाउने गरी दुई पाङ्ग्रे वा तिन पाङ्ग्रे वा चार पाङ्ग्रे विद्युतीय तथा यान्त्रिक शक्तिबाट चल्ने एउटा हलुका सवारी साधन,

२. गाउँपालिकाका वडा अध्यक्ष तथा वडा सदस्यका लागि उम्मेदवार भएको वडा भित्र प्रयोग गर्ने गरी एउटा दुई पाङ्ग्रे सवारी साधन,

अनुमति पत्र प्राप्त भएको सवारी साधन बिहान ८ बजे देखि बेलुका ७ बजे सम्म प्रयोग गर्न पाईने छ र सो सवारी साधन मौन अवधि भरी प्रयोग गर्न पाईने छैन ।

२०७९-०१-१८

(रेशम आचार्य)
निर्वाचन अधिकृत

✉ *election@narainapurmun.gov.np* | 🌐 *www.narainapurmun.gov.np*

अनुसूची-१
(दफा १७ को उपदफा (१) सँग सम्बन्धित)

**सवारी साधनको अनुमतिपत्रको लागि दिने निवेदनको ढाँचा**

श्री निर्वाचन अधिकृत,
निर्वाचन अधिकृतको कार्यालय,
..........................................
......................................... ।

**विषय : निर्वाचन प्रचार-प्रसारको लागि सवारी साधनको प्रयोग गर्न अनुमति पाउँ ।**

स्थानीय तह निर्वाचनमा .........................................गाउँपालिका/नगरपालिकाको ..................... पदमा ................................ (उम्मेदवारको नाम) ............................ राजनीतिक दलको उम्मेदवार/स्वतन्त्र उम्मेदवार भएकोले निर्वाचनको प्रचार-प्रसारको लागि देहायको विवरण अनुसारको सवारी साधन प्रयोग गर्न अनुमतिपत्रको लागि यो निवेदन पेश गरेको छु ।

**सवारी साधनको विवरण**

| क्र.सं | सवारी साधनको किसिम र संख्या | सवारी साधनको रङ्ग | सवारी साधनको नम्बर | सवारी साधनको धनीको नाम |
|---|---|---|---|---|
| १. | जीप/कार/भ्यान/टेम्पु थान : | | | |
| २. | मोटरसाईकल थान : | | | |
| ३. | घोडा संख्या : | | ----- | |

सवारी साधन प्रयोग गर्ने उम्मेदवारको नाम : ...................
उम्मेदवार/निर्वाचन प्रतिनिधिको नाम : ..................
दस्तखत : ....................................
राजनीतिक दल............... /स्वतन्त्र उम्मेदवार
मिति : .............